नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
Communist Party of Nepal (Unified Socialist)
केन्द्रीय कमिटी/Central Committee

# अन्तरपार्टी निर्देशन-५

प्रिय कमरेडहरू,

यही २०८२ असोज २ मा हाम्रो पार्टीको केन्द्रीय सचिवालयको दशौँ बैठक अध्यक्ष कमरेड माधवकुमार नेपालको अध्यक्षतामा बसी बर्तमान परिस्थितिको सामान्य विश्लेषण गर्नुका साथै तत्काल पार्टी कसरी अघि बढ्ने भन्ने सम्बन्धमा केही निर्णयहरू गरेको छ । उक्त विश्लेषण र निर्णयहरूको जानकारी एवम् कार्यान्वयनका लागि यो अन्तरपार्टी निर्देशन ५ जारी गरिएको छ ।

भ्रष्टाचार, कुशासन र सामाजिक सञ्जालमाथि गरिएको नियन्त्रणको विरोधमा २०८२ भदौ २३ मा जेनजी पुस्ताले गरेको विरोध प्रदर्शनमा भएको बर्बर दमन र भदौ २४ मा देशका ऐतिहासिक धरोहरहरू सिंहदरबार, संसद भवन, राष्ट्रपति भवन, सर्वोच्च अदालत, अन्य अदालतहरू, संघीय सरकारका मन्त्रालयहरू, मन्त्री निवास, प्रदेश सभा र प्रदेश सरकारका कार्यलयहरू, मुख्यमन्त्री र प्रदेश प्रमुखका निवास, स्थानीय तहका कार्यालयहरू, अन्य विभिन्न सरकारी कार्यालयहरू, व्यवसायिक प्रतिष्ठानहरू, सञ्चार गृहहरू, राजनीतिक दलका कार्यालयहरू, पार्टीका नेता तथा कार्यकर्तालगायत विभिन्न व्यक्तिका नीजि घरहरूमा तोडफोड, लुटपाट र आगजनी भएपश्चात मुलुकमा असामान्य परिस्थिति उत्पन्न भएको छ। अहिले देशको राजनीतिक अवस्था गम्भीर मोडमा छ । अब के हुन्छ ? के घोषित मितिमा निर्वाचन होला ? लामो सङ्घर्षबाट प्राप्त उपलब्धीहरू गुम्ने त होइनन् ? कतै हाम्रो राष्ट्रिय सार्वभौमितामा नै आँच आउने त होइन ? भन्ने जस्ता गम्भीर प्रश्न उठिरहेका छन् । यस्तो परिस्थिति उत्पन्न हुनुको मुख्य कारण देशमा आएको राजनीतिक परिवर्तन अनुरूप आर्थिक-सामाजिक रूपान्तरण हुन नसक्नु हो भने समाजमा व्याप्त विभेद, असमानता, अन्याय, अत्याचार, भ्रष्टाचार, कुशासन, बेरोजगारी, आर्थिक संकट, र राजनीतिक अस्थिरता थप कारण हुन् । तात्कालिक कारण केपी ओली सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउनु हो ।

हामीले २३ गते नै पार्टी सचिवालयको बैठकबाट औपचारिक निर्णय गरी जेन-जी पुस्ताका जायज मागहरू संवोधन गर्नुपर्छ र कुनै प्रकारको दमन गरिनु हुँदैन भन्ने धारणा सार्वजनिक गरेका थियौं । निहत्था युवाहरूमाथि गरिएको दमन र ज्यादतीको विरोध, निन्दा तथा भर्त्सना गर्दै प्रधानमन्त्रीको राजीनामा, घाइतेहरूको उचित उपचारको प्रवन्ध तथा उच्च स्तरीय न्यायिक छानविन समिति गठन गरी उक्त घटनाको तथ्ययुक्त छानविन गरेर दोषीहरूमाथि कारवाही गर्न माग गर्दै हाम्रो पार्टीसहित प्रतिपक्षी दलहरूको तर्फबाट २४ गते विहानै पनि माग गरिएको थियो । तर, तत्कालीन सत्ताधारीहरूले कुनै कुरा सुनेनन् र वास्ता गरेनन् ।

सत्ताको मात, व्यक्तिगत दम्भ र अहंकारको कारण तत्कालीन प्रधानमन्त्रीले राजीनामा दिन ढिलाई गर्दा भदौ २४ गते मुलुकले अकल्पनीय क्षति व्यहोर्नुपरेको छ। आन्दोलनभित्र घुसेर आफ्नो निहित राजनीतिक स्वार्थसिद्ध

गर्न चाहने तत्वद्वारा हाम्रा ऐतिहासिक धरोहरहरू सिंहदरबार, राष्ट्रपति भवन, संघीय संसद भवन, सर्वोच्च अदालतलगायत बिभिन्न अदालत भवन, महान्यायाधिवक्ताको कार्यालय, प्रदेश सभा र प्रदेश सरकारका कार्यलयहरू, मुख्यमन्त्री र प्रदेश प्रमुखका निवास, स्थानीय तहका कार्यालयहरू, अन्य विभिन्न सरकारी कार्यालयहरू, व्यवसायिक प्रतिष्ठानहरू, सञ्चार गृहहरू, प्रहरी कार्यालयहरू, विभिन्न सरकारी कार्यालयहरू, राजनीतिक दलका कार्यालयहरू, स्थानीय सरकारका कार्यालयहरू लगायतमा तोडफोड र आगजनी गरेर भौतिक संरचना मात्र होइन ऐतिहासिक, अमूल्य एवम् दुर्लभ अभिलेख, दस्ताबेज र लिखतहरू जलाएर नष्ट पार्ने काम भयो । होटल, डिपार्टमेन्टल स्टोर, केबुलकार, गाडीका शोरुम, बैंकलगायत सार्वजनिक सम्पत्ति र व्यक्तिका निजी निवास एवम् सम्पत्तिमा तोडफोड, लुटपाट र आगजनी गरियो । यस खालको राष्ट्रिय सम्पत्ति र धरोहर नै ध्वस्त पार्ने कामलाई सामान्य रूपमा लिन सकिदैन । जेनजी पुस्ताले जुन आदर्श बोकेको छ, त्यसले यस्तो कार्य गर्नै सक्तैन । यस्ता निकृष्ट कुकृत्य त निहित स्वार्थ बोकेको कुतत्वहरूले मात्र गर्न सक्तछन् । अतः त्यस्ता कुतत्वको पहिचान गरी दण्डित गर्नेतर्फ विशेष गरी सरकार र सम्बन्धित सबै पक्ष सचेत एवम् गम्भीर हुन जरुरी छ ।

अहिलेको परिस्थिति ल्याउनमा मुख्य जिम्मेवार तत्कालीन प्रधान मन्त्री केपी शर्मा ओली हुन् किनभने वि.सं. २०७४ को आम निर्वाचनपश्चात् करिव दुईतिहाइ बहुमतको जुन एकल सरकार उनको नेतृत्वमा बनेको थियो, त्यसले आर्थिक-सामाजिक रूपान्तरणका गुरुयोजनाहरू बनाएर तीब्र गतिका साथ विकास निर्माणका काम गर्नसक्थ्यो, गर्नुपर्थ्यो तर उनले गरेनन्, गर्न चाहेनन् । उनले वि.सं. २०५१ मा मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकारले गरेजति काम पनि गरेनन् । पार्टीको नीति र निर्देशनमा सरकार चलाउनु पर्‍यो भन्दा नमानेर उनले प्रतिनिधि सभा विघटन गर्ने जस्तो प्रतिगामी कदम चाले । त्यसै विन्दुबाट मुलुक आन्तरिक विवाद, पार्टी विभाजन र राजनीतिक अस्थिरताको भूमरीमा पस्यो ।

वि.सं. २०७९ को आम निर्वाचनबाट प्रतिनिधि सभामा कुनै पनि पार्टीको बहुमत नआएपछि एकातर्फ गठबन्धन सरकार बनाउने र भत्काउने खेल चलिरह्यो भने अर्कोतर्फ भ्रष्टाचार, कुशासन, वेरोजगारी र बेथिति मौलाउदै गयो । त्यसले गर्दा आम जनतामा निराशा र चरम असन्तुष्टि उत्पन्न भयो । सरकारको नेतृत्व गरेकाहरूबाट समस्याहरूको समाधान गर्न पहल गर्ने र असन्तुष्टिहरूको संवोधन गर्नेतर्फ नलागी उल्टो दिशामा हिड्ने काम भयो । सामाजिक सञ्जाललाई नियमन गर्ने कानून बनाउनेतर्फ नलागी आदेशद्वारा बन्द गर्ने काम गरियो, जसले गर्दा जेन-जी पुस्तामा आक्रोस पैदाभयो । त्यस आक्रोसलाई शान्त पार्न आवश्यक पहल नगरी उल्टो क्रुर दमन गर्नाले विध्वंस मच्चियो र जन धनको ठूलो क्षति भयो ।

हामीले समग्र परिदृष्यको विश्लेषणका आधारमा नेपालको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै नेपाली विशेषताको समाजवादी कार्यक्रममार्फत नेपालको आर्थिक एवम् सामाजिक रूपान्तरण गर्न सकिन्छ भनेर नै हामीले तात्कालिन मुख्य नेतृत्वसँग विद्रोह गरी नेकपा (एकीकृत समाजवादी) गठन गरेका थियौं । सुशासन र रोजगारी, समाजवादको तयारी भन्ने नारासहित हामीले अघि सारेका १० वटा मागहरूमध्ये भ्रष्टाचारको छानविन गर्न शक्तिशाली आयोग गठन गर्ने, युवालाई रोजगारी प्रदान गर्ने, सुशासन कायम गर्ने, विदेश जानुपर्ने वाध्यता रोक्ने, कृषि, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, विभेदको अन्त्य, संविधानको

पुनरावलोकनको लागि राष्ट्रिय सम्मेलन गर्ने लगायतका मागहरू अहिले जेन-जी अभियानले उठाएको आन्दोलनका मागहरूसँग मिल्दाजुल्दा छन् । ती बिषयहरूका सन्दर्भमा हामीले गरेका प्रयासको सम्झना गरौं, कुनै कमजोरी भएका भए स्वीकार गरौं र जेनजीका मागहरूप्रति सुरुकै दिनमा हामीले समर्थन तथा ऐक्यवद्धता जनाएका थियौं भन्ने कुरा पनि नभुलौं ।

अहिले हाम्रो लोकतन्त्र र कम्युनिष्ट आन्दोलन मात्रै खतरामा परेको छैन, हाम्रो राष्ट्रिय स्वाधिनतामाथि पनि खतरा बढेको छ । परिस्थिति यति गम्भीर छ कि राष्ट्रिय सार्वभौमिकताको रक्षा कसरी गर्ने ? सात दशक लामो सङ्घर्षबाट प्राप्त उपलब्धीहरूको रक्षा कसरी गर्ने? र कम्युनिष्ट आन्दोलनको रक्षा र विकास गर्दै समाजवादको यात्रामा कसरी अघि बढ्ने? भन्नेजस्ता प्रश्नहरू गम्भीर चुनौतिको रूपमा खडा भएका छन् । नेपाल कम्युनिष्ट पार्टीले स्थापना कालदेखि नै राख्दै आएको समाजवादी लक्ष्य प्राप्त गर्नको लागि अझै धेरै सङ्घर्ष गर्नुपर्ने छ । तर, यो स्पष्ट हुनु पर्दछ कि आजसम्मका उपलब्धीको रक्षा नगरी समाजवादतर्फ अगाडि बढ्न सकिदैन । त्यसैले आजसम्म प्राप्त उपलब्धीहरूको रक्षा गर्नु आजको हाम्रो प्रमुख कार्यभार बन्न आएको छ । हाम्रो सचिवालय बैठकले यस परिस्थितिमा तत्काल निम्न काम गर्ने निर्णय गरेको छ :

१. जेनजी पुस्ताका युवाहरूले आह्वान गरेको २०८२ भदौ २३-२४ को विरोध प्रदर्शनका दौरान दर्जनौं व्यक्तिहरूको ज्यान गएको छ, सयौं जना घाइते भएका छन् । आन्दोलनका क्रममा ज्यान गुमाएका किशोर किशारीहरू लगायत नागरिकहरूप्रति हाम्रो पार्टी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ । आन्दोलनमा घाइते भएका व्यक्तिहरूको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै उनीहरूको निशुल्क र भरपर्दो उपचार गर्न हाम्रो पार्टी सरकारसँग जोडदार माग गर्दछ ।

२. हाम्रो पार्टीका सम्मानित नेता कमरेड झलनाथ खनालको घरमा आगजनी गरी उहाँको जीवन संगिनी रविलक्ष्मी चित्रकारलाई सख्त घाइते बनाउने घृणित कार्यको निन्दा गर्दै यो बैठक उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

३. २०८२ भदौ २३-२४ को विरोध प्रदर्शनका क्रममा धेरै ठूलो जन धनको क्षति भएको छ । जेन-जी पुस्ताको शान्तिपूर्ण विरोध प्रदर्शनमा गोली वर्षाएर निहत्था किशोर किशोरी लगायत दर्जनौं नागरिकको हत्या गरिएको छ । उक्त कार्यको भर्त्सना गर्दैउच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरेर आन्दोलनका क्रममा गोली प्रहार गरी नागरिकको हत्या गर्ने तथा घाइते बनाउने घटनाको वस्तुनिष्ट छानबिन गरी दोषीलाई कडा कारबाही गर्न हाम्रो पार्टी सरकारसँग जोडदार माग गर्दछ ।

४. जेनजी पुस्ताको शान्तिपूर्ण विरोध प्रदर्शनमा घुसपैठ गरेर सार्वजनिक तथा निजी सम्पत्तिमा तोडफोड, लुटपाट र आगजनी गर्नेजस्ता विध्वंस मच्चाइएको छ । भदौ २४ गते हाम्रो देशका ऐतिहासिक धरोहरहरू सिंहदरबार, संसद भवन, राष्ट्रपति भवन, सर्वोच्च अदालतलगायत बिभिन्न अदालत भवनहरू, संघीय सरकारका मन्त्रालयहरू, मन्त्री निवास, प्रदेश सभा र प्रदेश सरकारका कार्यालयहरू, मुख्यमन्त्री तथा प्रदेश प्रमुखका निवास, तथा स्थानीय तहका कार्यालयहरू, अन्य विभिन्न सरकारी कार्यालयहरू,

व्यवसायिक प्रतिष्ठानहरू, सञ्चार गृहहरू, राजनीतिक दलका कार्यालयहरू, पार्टीका नेता, कार्यकर्ता लगायतका नीजि घरहरूमा तोडफोड र आगजनी गरी ठूलो क्षति पुऱ्याइएको छ । उक्त कार्यप्रति दुःख व्यक्त गर्दै उच्चस्तरीय छानबिन आयोग गठन गरी तोडफोड, लुटपाट र आगजनी गरेर राष्ट्रिय तथा व्यवसायिक एवं नीजि सम्पत्तिमा क्षति पुऱ्याउने कार्यको छानबिन गरी दोषीलाई कडा कारबाही गर्न हाम्रो पार्टी सरकारसँग जोडदार माग गर्दछ ।

५. हाम्रो पार्टीले पहिलेदेखि नै उठाउदै आएको अधिकारसम्पन्न उच्च स्तरीय छानबिन आयोग गठन गरेर हालसम्म राजनीतिक तथा प्रशासनिकलगायत सार्वजनिक पद धारण गरेका सबै व्यक्तिहरूको सम्पत्ति छानबिन गरी भ्रष्टाचारीहरूमाथि कडा कार्वाही गर्न हाम्रो पार्टी सरकारसँग पुनः जोड दिएर माग गर्दछ ।

६. राजनीतिक अस्थिरता, आर्थिक संकट, भ्रष्टाचार, कुशासन र बेरोजगारीका समस्या झेलिरहेको मुलुक २०८२ भदौ २३-२४ को जेन-जी विरोध प्रदर्शनपश्चात् अन्योलग्रस्त अवस्थामा पुगेको छ । यस्तो अवस्थामा मुलुकको सार्वभौमिकता, संविधान तथा संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न संविधान र लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरू आपसमा सहकार्य गर्दै एकजुट भई अगाडि बढ्न हाम्रो पार्टी सबैलाई हार्दिक आह्वान गर्दछ ।

७. आज मुलुकमा उत्पन्न विषम परिस्थितिमा वामपन्थी शक्तिहरू गम्भीर हुनु जरुरी छ । यस्तो चुनौतिपूर्ण परिस्थितिमा कम्युनिष्ट आन्दोलन तथा राष्ट्रिय स्वाधिनता र जनक्रान्तिका उपलब्धिहरूको रक्षा गर्नका लागि सम्पूर्ण कम्युनिष्ट, वामपन्थी तथा समाजवादी शक्ति र पार्टीहरूलाई एकतावद्ध भएर अघि बढ्न हाम्रो पार्टी हार्दिक अपिल गर्दछ । हाम्रो पार्टीले अँगालेका नीति, विचार, सिद्धान्त, कार्यक्रम र कार्यदिशासँग सहमत हुने वामपन्थी, कम्युनिष्ट तथा समाजवादी पार्टी र समूहहरूसँग पार्टी एकता गर्न र अन्य पार्टी र समूहहरूसँग वर्तमान सन्दर्भमा सहकार्य गर्न हाम्रो पार्टीको तर्फबाट पहलकदमी अघि बढाउने निर्णय गर्दछ ।

८. आगामी २०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने घोषणा भएको छ । तोकिएको मितिमा निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सुनिश्चित गर्न, गराउन नेपाल सरकार, राजनीतिक दलहरू, नागरिक समाज एवं सम्बन्धित सबैमा आह्वान गर्दछ ।

९. हाम्रो पार्टी विगतका कामको समग्र समिक्षा गरेर निश्कर्ष निकाल्न र भएका गल्ती कमी कमजोरीहरू सच्च्याउदै व्यापक सुधारको प्रक्रियाका साथ राष्ट्रियता, लोकतान्त्रिक गणतन्त्र, जनताको हित तथा मुलुकको समृद्धिको पक्षमा अझ दृढतापूर्वक अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्दै आ-आफ्ना कामहरूको समीक्षा गरेर कमी कमजोरीहरू सच्याउदै अघि बढ्न नेपालका सबै राजनीतिक पार्टीहरूलाई समेत आह्वान गर्दछ ।

१०. आज मुलुक गम्भीर मोडमा छ । अव मुलुक कसरी अगाडि बढ्ने भन्ने प्रश्न उठिरहेको छ । यस्तो स्थितिमा हाम्रो सिङ्गो पार्टी पङ्क्तिलाई निराश नभई उच्च मनोबलकासाथ अगाडि बढ्न, आ-आफ्नो

क्षेत्रको पार्टी काम नियमितरूपमा अगाडि बढाउन र अन्य राजनीतिक दल, नागरिक समाज एवं आम जनसमुदायसँग हालेमालो गर्दै अगाडि बढ्न निर्देशन गरिन्छ ।

११. आगामी निर्वाचनमा पार्टी कसरी जानुपर्दछ भन्ने सम्बन्धमा आवश्यक अध्ययन तथा छलफल गरी प्रस्ताव ल्याउन महासचिव क. घनश्याम भुसालको संयोजकत्वमा उपमहासचिव तथा संसदीय विभाग प्रमुख गरिमा शाह, उपमहासचिव तथा कार्यालय सचिव क. रामकुमार भट्टराई, सचिव तथा आर्थिक विभाग प्रमुख क. सोमप्रसाद पाण्डे, स्थायी कमिटी सदस्य क. विजय पौडेल, पोलिटब्युरो सदस्य तथा निर्वाचन विभाग प्रमुख क. दिलकुमारी पन्त, पोलिटब्युरो सदस्य तथा कानून फाँट इन्चार्ज घनप्रसाद गौतम, पोलिटब्युरो सदस्य तथा कानून विभाग प्रमुख क. देउमान सम्बाहाम्फे र केन्द्रीय कमिटी सदस्य क. केदार सञ्जेल सदस्य रहनु भएको एक कार्यदल गठन गरिएको छ ।

१२. २०८२ भदौ २३-२४ को विरोध प्रदर्शनको, त्यसमा सम्लग्न व्यक्तिहरू र त्यसबाट भएका जन धनको क्षतिको अध्ययन गरी प्रतिवेदन तयार गर्न वरिष्ठ उपाध्यक्ष क. राजेन्द्र पाण्डेको संयोजकत्वमा उपाध्यक्ष क. जगन्नाथ खतिवडा र उपमहासचिव क. मेटमणि चौधरी सदस्य रहनु भएको एक कार्यदल गठन गरिएको छ ।

१३. वामपन्थी, कम्युनिष्ट तथा समाजवादी पार्टी र समूहहरूसँग एकता वार्ता गर्नको लागि वरिष्ठ नेता क. डा. बेदुराम भुसालको संयोजकत्वमा वरिष्ठ नेता कमरेड प्रमेश हमाल र उपाध्यक्ष कमरेड प्रकाश ज्वाला सदस्य रहनु भएको वार्ता टोली गठन गरिएको छ । वार्ता टालीले निम्न सैद्धान्तिक आधारमा वार्ता गर्नेछ :

**पार्टी एकताका सैद्धान्तिक आधार**

१. पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी (.....) हुने ।

२. नेपाली क्रान्ति जनवादी चरण पूरा गरेर समाजवादी चरणमा प्रवेश गरेको मान्ने ।

३. आम नेपाली जनता र दलाल नोकरशाही पूँजीपति वर्गबिचको अन्तर्विरोधलाई वर्तमान नेपाली समाजको प्रधान अन्तर्विरोध मान्ने ।

४. पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हुने ।

५. पार्टीको सङ्गठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता हुने ।

६. पार्टीको रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद हुने ।

७. समाजवादी कार्यदिशा अँगाल्ने ।

८. नेपाली विशेषताको समाजवादी कार्यक्रम अङ्गीकार गर्ने ।

९. साम्राज्यवाद, प्रभूत्ववाद तथा नवउपनिवेशवादको विरोध गर्दै राष्ट्रको विकास, राष्ट्रिय स्वभिमान, स्वतन्त्रता, समानता र आम जनताका हक अधिकारको पक्षमा दृढतापूर्वक खडा हुने र सङ्घर्ष गर्ने प्रतिबद्धता जाहेर गर्ने ।

१०. कार्यशैलीमा सुधार गर्न र कमी कम्जोरीहरू सच्चाएर अघि बढ्न तत्पर रहने ।

११. आन्तरिक लोकतन्त्रको सुदृढीकरण तथा नेतृत्व विकास र हस्तान्तरण गर्दै जान तत्पर रहने ।

कमरेडहरू,

आजको बिषम परिस्थितिमा धैर्यता र संयमताका साथ जेन-जी आन्दोलनले उठाएका भ्रष्ट्राचारको विरोध र सुशासन कायम गर्ने एजेण्डाहरूमा पूर्ण समर्थन र सहयोग गर्ने, जेन-जी आन्दोलनका क्रममा भएको चरम दमनको विरोध गर्ने, दोषिहरूलाई कारवाहीको माग गर्ने, मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्ने, उनीहरूका परिवारलाई समवेदना तथा सहानुभूति दिने, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने जस्ता कामलाई जनताको घरसम्म पुगेर गर्नु पार्टीका सम्पूर्ण नेता, कार्यकर्ता एवम् समर्थक शुभचिन्तकहरूको काम अनि कर्तव्य हो । यसका साथै जेन-जीको आन्दोलनमा घुसेर भौतिक संरचनाहरू ध्वस्त गर्ने, मानिसहरूका व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको तोडफोड गर्ने, मानिसलाई घरभित्रै राखेर आगो लगाउने तथा समाजमा हिंसा मच्चाएर कानून तथा व्यवस्थालाई हातमा लिने कार्यलाई कदापी स्वीकार्न सकिदैन । यस्ता कार्यको उचित छानविन तथा दोषी उपर कडा कारवाही हुनु पर्दछ । अतः यस्ता कार्यको निन्दा एवम् भर्त्सना गर्दै संविधान र कानूनको रक्षार्थ खटिन एवम् सामाजिक सद्भाव कायम गर्दै जनताको सेवामा अविचलित रूपमा लागिरहन सम्पूर्ण पार्टी पंक्तिमा हार्दिक अनुरोध छ ।

२०८२ असोज १०

(माधवकुमार नेपाल)
अध्यक्ष

Min Bhawan, Aaloknagar, Bagmati Corridor, Kathmandu, Nepal
Tel: +977-1-4106302, 4106303, E-mail : info.cpnus@gmail.com
Website : www.cpnus.org.np